जुनीचाँदे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रजकोट, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

मिति : २०७७।१२।०१ गते

# प्रेस विज्ञप्ती

मुलुकमा लामो समयको अन्तरालपछि, देश एकात्मक शासन प्रणालीवाट संघीय प्रणालीमा गएको छ । गाउँ गाउँमा सिंहदरवार, घर घरमा स्थानीय सरकार भन्ने नारालाई सार्थकता दिन स्थानीय सरकारको रुपमा रहेको कर्मचारी प्रशासन हो । जुन स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्रको मनोवल गिराउने , कुटपिट गर्ने, धम्की दिने ,हातपात गर्ने, मादक पदार्थ सेवन गर्ने र अमानवीय व्यवहार खेदजनक कार्य भएकाले यस किसिमका कियाकलाप पूर्ण रुपले बन्द गर्नका लागि जोडदार माग गर्दछौं । स्थानीय तहमा कार्यरत कर्मचारीहरुको हक , हित, शान्ति सुरक्षा कायम गर्नु स्थानीय सरकारको प्रमुख दायित्व र जिम्मेवारी पनि हो । सरकारकै एक जना प्रतिनिधि संलग्नतामा कर्मचारी माथि हातपात र कुटपिट हुनुमा कानूनी शासनको धज्जी उडाएको छ । जसबाट स्थानीय तहमा कामकाज सरल र सहज रुपमा सम्पन्न गर्ने हेतुले सम्पूर्ण कर्मचारी प्रशासन स्वच्छ निश्पक्ष रुपमा कामकाज गर्दै आएको सर्वविदितै छ । जुनीचाँदे गाउँपालिका स्वास्थ्य सह संयोजक श्री योज्ञेश्वर वस्नेतलाइ मिति २०७७।११।२८ गतेका दिन दिउँसो पौने तीन वजेतिर जुनीचाँदे गाउँपालिका वडा नं २ का वडा अध्यक्ष राम वहादुर नेपालीको योजनामा जुनीचाँदे गाउँपालिका वडा नं. २ का खडक वहादुर शाही र वडा नं. २ कै तेज वहादुर शाहीले मदिरा सेवन गरी कार्यालय परिसर भित्र कुटपिट गरिएको प्रति खेद प्रकट गर्दछौं । जनताको नजिकको सरकार रुपमा रहेका स्थानीय सरकार प्रतिनिधि नै यस कार्यमा संलग्न हुनुले कर्मचारी प्रशासनमा डर र त्रासपूर्ण वातावरण सिर्जना भएको हाम्रो निष्कर्ष छ । ऐन कानुन विपरित गरिएको निन्दनिय कार्य प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यस्तो कार्यमा संलग्न व्यक्तिलाई यथाशिघ्र कारवाहीको माग गर्दछौं ।

जुनीचाँदे गाउँपालिका, रजकोट
सम्पूर्ण कर्मचारीहरु

Scanned with CamScanner